**आकाशवाणी**

**17th** OF APRIL

**मुख्य समाचारहरुबाट**

- **उपराष्ट्रपतिद्वारा सर्वोच्च अदालतको निर्णयप्रति चिन्ता व्यक्त**
- **प्रधानमन्त्रीद्वारा यमुना नदीको अवस्था मूल्याङ्कन गर्न समिक्षा बैठक**
- CRPF- **को छयासी-औं स्थापना दिवस मध्य प्रदेशको नीमचमा सम्पन्न**
- **भारतको रक्षा क्षेत्र आत्मनिर्भरतातर्फ द्रुत गतिमा, रक्षा क्षेत्रमा सन्** 2025 **'सुधार वर्ष' घोषित**
- **आईपीएल क्रिकेटमा मुम्बई इन्डियन्स र सनराइजर्स हैदराबादबीच प्रतिस्पर्धा हुदै**

**उपराष्ट्रपतिद्वारा सर्वोच्च अदालतको निर्णयप्रति चिन्ता व्यक्त**

उपराष्ट्रपति जगदीप धनखडले हालसालै सर्वोच्च अदालतले राष्ट्रपतिले विधेयकहरूमा निर्णय गर्नुपर्ने समयसीमा तोक्ने सम्बन्धी गरेको फैसलाप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ। उपराष्ट्रपति धनखडले आज नयाँ दिल्लीस्थित उपराष्ट्रपति एन्क्लेवमा राज्यसभाका प्रशिक्षार्थीहरूको छैटौं ब्याचलाई सम्बोधन गर्दै भन्नुभयो , "भारतले यस्तो लोकतन्त्रको कल्पना गरेको थिएन, जहाँ न्यायाधीशहरूले कानुन बनाउने, कार्यपालिकाले कार्य गर्ने र सुपर संसदको रूपमा काम गर्नेछन्।" उहाले थप जोड दिनुभयो कि अधिकारको प्रयोग गर्दा अत्यन्त संवेदनशील र उत्तरदायी हुनु आवश्यक छ। उहाको यो टिप्पणी सर्वोच्च अदालतले राष्ट्रपतिको साथै राज्यपालहरूले विधेयकहरूमाथि निर्णय लिन समयसीमा तोक्ने निर्णय सुनाएको केही दिनपछि आएको हो। उपराष्ट्रपतिले शक्तिको पृथक्कीकरणको सैद्धान्तिक महत्त्वमा जोड दिँदै भन्नुभयो , "जनताले चुनेको सरकार संसदप्रति उत्तरदायी हुन्छ, र जनताले उसलाई प्रश्न गर्न सक्छ। तर यदि शासनको जिम्मेवारी न्यायपालिकासँग जान्छ भने, कसले प्रश्न गर्ने? र चुनावमा कसलाई उत्तरदायी ठहर गर्ने?" उहाले थप भन्नुभयो..

धनखडले तीनै निकायहरू—विधान, कार्यपालिका र न्यायपालिका—स्वतन्त्र रूपमा फल्ने–फुल्ने वातावरण बनाउनुपर्ने समय आएको पनि बताउनुभयो।

**प्रधानमन्त्रीद्वारा यमुना नदीको अवस्था मूल्याङ्कन गर्न समिक्षा बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा यमुना नदीको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न एक व्यापक समिक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा यमुना नदीको सरसफाइ र पुनरुत्थानका लागि भावी योजनाहरूको चर्चा गरियो। यस क्रममा नदी सरसफाइका लागि विभिन्न सम्बन्धित निकायहरूद्वारा तयार पारिएका कार्य योजनाहरूको पनि समिक्षा गरियो। प्रधानमन्त्री मोदीले नालाहरूको प्रवाह मापन तथा ढल प्रशोधन केन्द्रहरूको कार्यक्षमता अनुगमन गर्न वास्तविक र सूक्ष्म स्तरका तथ्यांक संकलनका लागि अत्याधुनिक प्रविधिको प्रयोग गर्न सुझाव दिनुभयो। बैठकमा केन्द्रीय गृहमन्त्री अमित शाह, जलशक्ति मन्त्री सी.आर. पाटिल, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता तथा केन्द्र सरकारका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो। बैठकमा दिल्लीका लागि समग्र जल व्यवस्थापन सुनिश्चित गर्न एउटा शहरी नदी व्यवस्थापन योजना तयार गर्ने र यसलाई सहरको मास्टर प्लानसँग एकीकृत गर्ने निर्णय पनि गरिएको छ। प्रधानमन्त्री मोदीले छठ पर्वको अवसरमा दिल्लीवासीहरूको अनुभव अझ सन्तोषजनक बनाउने दिशामा ध्यान दिनुपर्ने उल्लेख पनि गर्नुभयो।

CRPF- **को छयासी-औं स्थापना दिवस मध्य प्रदेशको नीमचमा सम्पन्न**

केन्द्रीय रिजर्भ पुलिस बल (CRPF) को आज मध्य प्रदेशको नीमचमा आफ्नो छयासी-औं स्थापना दिवस उत्साहपूर्वक पालन भएको छ। यस अवसरमा भारतका केन्द्रीय गृहमन्त्री अमित शाहले औपचारिक परेडको निरीक्षण गर्नुभयो परेडमा सहभागी हुनुअघि श्री शाहले शहीद सुरक्षाकर्मीहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाले आफ्नो सम्बोधनमा भन्नुभयो कि सीआरपीएफका जवानहरूले कश्मीर उपत्यकामा आतंकवादविरुद्धको लडाइँ, पूर्वोत्तर भारतमा शान्ति कायम राख्ने प्रयास र नक्सल गतिविधिहरू नियन्त्रण गर्नमा महत्वपूर्ण भूमिका खेलेका छन्। उहाँ थप भन्नुभयो.... सो समारोहमा मध्य प्रदेशका मुख्यमन्त्री डा. मोहन यादवको पनि उपस्थिति रहेको थियो।

**भारतको रक्षा क्षेत्र आत्मनिर्भरतातर्फ द्रुत गतिमा, रक्षा क्षेत्रमा सन् 2025 'सुधार वर्ष' घोषित**

रक्षामन्त्री राजनाथ सिंहले भारतको रक्षा क्षेत्र आत्मनिर्भरताको दिशामा तीव्र रूपमा अघि बढिरहेको र विश्व बजारमा रक्षा निर्यातको क्षमतामा उल्लेखनीय वृद्धि भइरहेको बताउनु भएको छ। उहाले भारत अब विश्वव्यापी आपूर्ति श्रृंखला निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेल्न तयार रहेको बताउनुभयो। नयाँ दिल्लीमा आयोजित "डिफेन्स कन्क्लेव – फोर्स अफ द फ्युचर" को उद्घाटन सत्रलाई सम्बोधन गर्दै रक्षामन्त्री श्री सिंहले सरकार अहिले रक्षा क्षेत्रका क्षमताहरूलाई बलियो बनाउन विशेष ध्यान दिइरहेको बताउनु भयो। उहाका अनुसार, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत सरकारले एकातर्फ सशस्त्र बलहरूको आधुनिकीकरणमा जोड दिएको छ भने अर्कोतर्फ आत्मनिर्भर रक्षा प्रणालीको विकासमा पनि प्राथमिकता दिएको छ। रक्षामन्त्रीले बताएअनुसार, रक्षा क्षेत्रमा आत्मनिर्भरता थप मजबुत बनाउन भारतको रक्षा मन्त्रालयले 2025-लाई "सुधार वर्ष" को रूपमा घोषणा गरेको छ। यो सम्मेलनको उद्देश्य भारतको उदाउँदै गरेको रक्षा परिदृश्यबारे छलफल गर्ने, प्रविधिमा प्रगति तथा सैनिक क्षेत्रमा आवश्यक रणनीतिक सुधारहरूमा ध्यान केन्द्रित गर्ने उद्देश्यले आयोजना गरिएको हो। सम्मेलनमा रक्षा सुधार,आत्मनिर्भरता, स्वदेशी उत्पादन, रक्षा निर्यात र नवीन प्रविधि जस्ता विषयमा परिचर्चाहरू हुनेछन्। कार्यक्रममा उच्च सैनिक अधिकारीहरू, सरकारी प्रतिनिधि, उद्योगपतिहरू र नवप्रवर्तकहरू सहभागी छन्।

**अन्तर्राष्ट्रिय स्मारक तथा स्थल दिवस'को अवसरमा 18 अप्रिलमा एएसआई सम्पदास्थलहरूमा निःशुल्क प्रवेश**

भारतको पुरातत्व विभाग (ASI) ले घोषणा गरेअनुसार विश्वभर मनाइने 'अन्तर्राष्ट्रिय स्मारक तथा स्थल दिवस'को अवसरमा यस वर्ष 18 अप्रिलमा भारतभरिका सबै एएसआई संरक्षित स्मारक र सम्पदास्थलहरूमा आमजनताका लागि प्रवेश शुल्क लाग्ने छैन। यो पहलले आम नागरिकलाई भारतको समृद्ध सांस्कृतिक सम्पदाको अवलोकन गर्न प्रोत्साहित गर्ने उद्देश्य राखेको छ। एएसआईको संरक्षणमा रहेका 3 हजार ,6 सय अनठानब्बै वटा सम्पदास्थलहरूमा निःशुल्क प्रवेशको व्यवस्था गरी ऐतिहासिक धरोहरहरू र वास्तुकलाका अद्भुत उदाहरणहरूसँग जनतालाई पुनः जोड्ने प्रयास गरिएको छ। यस वर्षको 'अन्तर्राष्ट्रिय स्मारक तथा स्थल दिवस'को थिम "विपद् र द्वन्द्वबाट संकटमा परेको सम्पदा" रहेको छ। यसअन्तर्गत प्राकृतिक वा मानवसिर्जित संकट तथा द्वन्द्वबाट सम्पदाको संरक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा जनचेतना फैलाइँदैछ। प्रवेश शुल्क नलिई जनसाधारणलाई सम्पदाको संरक्षण र व्यवस्थापनमा थप सहभागी गराउने साथै आफ्ना ऐतिहासिक सम्पदाको संरक्षणमा नागरिकले कसरी सक्रिय भूमिका खेल्न सक्दछन् भन्ने सन्देश दिन खोजिएको छ। संविधानद्वारा तोकिएको मौलिक कर्तव्यअनुसार सबै नागरिकले यी अनुपम सम्पदाको संरक्षण गर्ने दायित्व वहन गर्नु आवश्यक रहेको एएसआईले बताएको छ।

**आईपीएल क्रिकेटमा मुम्बई इन्डियन्स र सनराइजर्स हैदराबादबीच प्रतिस्पर्धा हुदै**

आईपीएल क्रिकेटमा आज  मुम्बईको वानखेडे स्टेडियममा आयोजक टोली मुम्बई इन्डियन्स र सनराइजर्स हैदराबादबीच प्रतिस्पर्धा हुदैछ। यो खेल साँझ साढे सात बजे सुरु भयो। टस जितेर पहिले गर्ने निर्णय गरेको छ। दुवै टीमहरु, दुई-दुई मैच जीतेर चार अंकका साथ बराबरीमा छन्।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **उपराष्ट्रपतिद्वारा सर्वोच्च अदालतको निर्णयप्रति चिन्ता व्यक्त**
- **प्रधानमन्त्रीद्वारा यमुना नदीको अवस्था मूल्याङ्कन गर्न समिक्षा बैठक**
- **CRPF- को छयासी-औं स्थापना दिवस मध्य प्रदेशको नीमचमा सम्पन्न**
- **भारतको रक्षा क्षेत्र आत्मनिर्भरतातर्फ द्रुत गतिमा, रक्षा क्षेत्रमा सन् 2025 'सुधार वर्ष' घोषित**
- **आईपीएल क्रिकेटमा मुम्बई इन्डियन्स र सनराइजर्स हैदराबादबीच प्रतिस्पर्धा हुदै**